# सिस्ने गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

## आ.व. २०७६/०७७ का लागि ढुङ्गा गिट्टि बालुवा लगायतका नदिजन्य पदार्थको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०६/१७ गते

आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला समन्वय समिति रुकुम (पूर्व) को निर्णयानुसार स्वीकृत प्रारम्भिक वातावरणीय मुल्याङ्कन (IEE) प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को घ. (६), उपदफा (४) ञ तथा सोही ऐनको दफा ६४ को उपदफा (१) को च मा व्यवस्था भएबमोजिम सिस्ने गाउँपालिकाको क्षेत्रभित्रबाट भई आन्तरिक खपत तथा अन्य स्थानीय तह निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवामा आर्थिक वर्ष २०७६/०७७ का लागि आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपशिल बमोजिमको विवरण र शर्तहरुको अधीनमा रही कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्युनतम अङ्कमा नघट्ने गरी यस कार्यालयबाट जारी गरिएको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्र/ठेक्का नं. | नदिजन्य सामाग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु (मु.अ.क. बाहेक) | बोलपत्र फाराम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| ०१/२०७६/०७७ -SRM | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भएबमोजिम सिस्ने गाउँपालिकाभित्र पर्ने सानीभेरी नदिका निम्न क्षेत्रहरु : भलखोलादेखि बोजेरीसम्म दक्षिणतर्फको भाग, रेवतखोलादेखि बालुवासम्म नदीको दुवैतर्फ र बालुवादेखि देऊखोलासम्म उत्तरतर्फ | २००००००/- (बीस लाख) | रु. ३०००/- | २७००० घ.मि. |

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मअक दर्ता प्रमाणपत्र, आव २०७६/०७७ सम्मको फर्म नवीकरण, आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशन भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र यसै कार्यालयबाट वा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा यस कार्यालयको नाममा रहेको मूल खाता नं. १८९०३००००००००४००१००४ मा बोलपत्र खरिद दस्तुर जम्मा गरी खरिद गरी १६औ दिनको दिउँसो १२:०० बजेभित्र कार्यालयमा पेश गरिसक्नुपर्नेछ । रितपूर्वक कार्यालयमा पेश भएका बोलपत्रहरु १६औ दिनको दिउँसो ४:०० बजे खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन (बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदाको दिन परेमा सो लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

२) बोलपत्र फाराम साथ धरौटीबापत मुल्य अभिवृद्धि करसमेत कुल कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम जमानतस्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको धरौटी खाता नं. १८९०३०००००००००३००००४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

३) आ.व. २०७६/०७७ का लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मितिदेखि २०७७ जेठ मसान्तसम्मको हुनेछ ।

४) बोलपत्रदाताले नेपाल सरकारका प्रचलित कानुन, ५ नं. प्रदेश कानुन तथा सिस्ने गाउँपालिकाबाट जारी भएका स्थानीय कानुनहरुको परिपालना गर्नुपर्नेछ ।

५) बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन ।

६) कुल कबोल अंकलाई २ किस्तामा कायम गरिनेछ । पहिलो किस्तावापत कुल कबोल अंकको ५०% प्रतिशत रकम सम्झौता हुनु अगावै र बाँकी अन्तिम किस्तावापतको रकम २०७६ माघ मसान्तभित्रै बुझाइसक्नुपर्नेछ । कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा अग्रिम समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको मुल्य अभिवृद्धि करबाहेकको १०% सम्म छुट दिन सकिनेछ ।

७) बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट र अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा अनिवार्य रुपमा हस्ताक्षर गरेको हुनुपर्नेछ ।

८) यस कार्यालयको छाप र प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

९) म्याद नाघेका वा रित नपुगेका बोलपत्र फारामउपर कुनै कारवाहि हुने छैन । कार्यालयलाई सेवा शुल्क तथा कर तिर्न बुझाउन बाँकि भएका फर्म, कम्पनी वा व्यक्तिले बोलपत्रमा प्रक्रियामा भाग लिन पाउने छैन ।

१०) यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्तरु र अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

११) यस गाउँपालिकाको हितलाई मध्यनजर गर्दै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) थप जानकारीका लागि कार्यालयको फोन नं. ०८८-४१३०६४ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत